प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश

**प्रदेश अन्तर्गत कृषि सेवा (फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह), र स्थानीय तह अन्तर्गत कृषि सेवा (भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह) चौथो तह, नायब पशु स्वास्थ्य प्राविधिक र नायब पशु सेवा प्राविधिक पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा प्रणाली योजना**

पाठ्यक्रमको रुपरेखाः— यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छः

प्रथम चरणः- लिखित परीक्षा पूर्णाङ्कः- १००
द्वितीय चरणः- अन्तर्वार्ता पूर्णाङ्कः- २०

प्रथम चरणः- लिखित परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्क भार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्वन्धी | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक (Multiple Choice) | ७० प्रश्न x १ अङ्क = ७० | १ घण्टा ३० मिनेट |
| | | | विषयगतः छोटो उत्तर (Short Answers) | ६ प्रश्न x ५ अङ्क = ३० | |

द्वितीय चरण

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

<u>द्रष्टव्यः</u>

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।
२. **फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह नायव पशु स्वास्थ्य प्राविधिक र नायव पशु सेवा प्राविधिक** पदको खुला र समावेशी समूहको एउटै (Common) विषयवस्तु हुनेछ।
३. लिखित परीक्षाको वस्तुगत र विषयगत प्रश्नहरुको लागि छुट्टा छुट्टै उत्तरपुस्तिका परीक्षा सुरु हुनु अगावै दिइनेछ। परीक्षार्थीले वस्तुगत र विषयगत प्रश्नहरुको उत्तर सम्बन्धित उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।
४. सेवा सम्वन्धी विषयको पाठ्यक्रमका एकाइहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।

| पाठ्यक्रमका एकाइ | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| प्रश्न संख्या (वस्तुगत) | १५ | २० | २० | १५ |
| प्रश्न संख्या (विषयगत) | १ | २ | २ | १ |

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

CamScanner

यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

पाठ्यक्रम लागु मितिः २०७८।७।११

CamScanner